गाउँसभाको मिति २०८१ असार ८ गते शनिबार बैठकमा

उपाध्यक्ष श्री मञ्जु बुढाथोकीले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८१/८२ को

राजस्व र व्ययको अनुमान

# बजेट बक्तव्य

सूर्यगढी गाउँपालिका

नुवाकोट जिल्ला

बागमती प्रदेश

२०८१ असार ८

सुर्यगढी गाउँपालिका गाउँसभाको सभाध्यक्षज्यू,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

पत्रकार मित्रहरु, उपस्थित सम्पुर्ण महानुभावहरु,

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम कार्यान्वयनको मूल दस्तावेज बजेट सुर्यगढी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभा समक्ष प्रस्तुत गरिरहँदा म आफुलाई अत्यन्तै भाग्यमानि महसुस गरेको छु। यस महत्वपुर्ण अवसरमा विभिन्न कालखण्डमा नेपालको राजनीतिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि जीवन आहुति दिई शाहदत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली एवम् श्रद्धासुमन अर्पण गर्दछु। साथै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि एवम् संघीय शासन प्रणाली स्थापित गर्नका लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली जनता र नेतृत्वमा रहनु भएका राजनीतिक शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

संघीय गणतन्त्र नेपालको स्थापना भए पश्चात जनताको जनादेश प्राप्त संविधानसभा मार्फत सिर्जित संविधानको कार्यान्वयन गर्ने शिलशिलामा स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न भई तपाई हामी सुर्यगढी गाउँपालिकाबासीको स्थानीय सरकारको प्रतिनिधिको रुपमा सेवा गर्ने सुअवसर प्राप्त गरेका छौं। विकास भनेको जनताका अपेक्षाहरुलाई सम्बोधन गर्ने क्रममा सरकारले सकारात्मक परिवर्तनका लागि गर्ने प्रयत्नहरुको निरन्तर प्रक्रिया रहेछ। त्यसैले गत विगतका गाउँसभामा प्रस्तुत भएका जनताका चाहानाहरु अहिले पनि निरन्तर रहिरहेको अवस्थालाई मध्यनजर गर्न जरुरी छ।

सभाध्यक्ष्ज्यु,

आर्थिक वर्ष २०८०/८१ मा यस गाउँपालिकामा संघीय सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ७,५६,००,०००।- (सात करोड छपहन्न लाख), संघीय सशर्त अनुदान (चालु) तर्फ रु. १५,७४,००,०००।- (पन्त्र करोड चौहत्तर लाख), संघीय सशर्त अनुदान (पुँजिगत) तर्फ रु. ५५,००,०००।- (पचपन्न), विशेष अनुदान तर्फ रु. १,२०,००,०००।- (एक करोड बीस लाख), समपुरक अनुदान तर्फ रु. १,००,००,०००।- (एक करोड), राजश्व बाँडफाँडबाट प्राप्त रु. ६,४९,८४,६००।- (छ करोड उन्नचास लाख चौरासी हजार छ सय) प्राप्त भएको थियो।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु.६९,५०,०००।- (उनान्सत्तरी लाख पचास हजार), सशर्त अनुदान (चालु) तर्फ रु. १,३२,१०,०००।- (एक करोड बत्तीस लाख दस हजार), सशर्त अनुदान (पुँजिगत) तर्फ रु. ४५,००,०००।- (पैतालीस लाख) राजश्व बाँडफाँड तर्फ १,१०,०२,८४९।- (एक करोड दस लाख दुई हजार आठ सय उनन्चास), समपुरक अनुदान तर्फ रु. २,००,००,०००।- (दुई करोड) प्राप्त हुने अनुमान

गरिएको छ। आन्तरिक आयतर्फ रु. ४०,००,०००।- (चालीस लाख) राजश्व संकलन हुने अनुमान गरिएको छ । आ.व. २०८०/८१ को अनुमानित कुल बजेट ३८,५१,४७,४४९।- (अढतिस करोड एकाउन्न लाख सड्चालिस हजार चार सय उनन्चास) प्राप्त भएको थियो।

सभाध्यक्षज्यू,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को आय व्ययको विवरण प्रस्तुत गर्दछु।

नेपालको संविधान २०७२ ले व्यवस्था गरे बमोजिमको स्थानीय तहको एकल तथा साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरुमा गाउँपालिकाले झेल्न परेका समस्याहरु जस्तै समाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस सभामा प्रस्तुत भएको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०८१/८२ को बजेट गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु।

आर्थिक वर्ष २०८१/८२ मा यस गाउँपालिकामा संघीय सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ७,६७,००,०००।- (सात करोड सठसठ्ठी लाख), संघीय सशर्त अनुदान (चालु) तर्फ रु. १६,४७,०८,०००।- (सोह्र करोड सट्चालि लाख आठ हजार), संघीय सशर्त अनुदान (पुँजिगत) तर्फ रु. ८,००,०००।- (आठ लाख), विशेष अनुदान तर्फ रु. ३,००,००,०००।- (तिन करोड), समपुरक अनुदान तर्फ रु. १,३५,००,०००।- (एक करोड पैतिस लाख), राजश्व बाँडफाँडबाट प्राप्त रु. ६,९०,००,०००।- (छ करोड नव्य लाख) प्राप्त हुने अनुमान गरिएको छ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु.६८,६५,०००।- (अठसठ्ठी लाख पैसठ्ठी हजार), सशर्त अनुदान (चालु) तर्फ रु. ७१,४८,०००।- (एकहत्तर लाख अठ्चालिस हजार), सशर्त अनुदान (पुँजिगत) तर्फ रु. १३०,००,०००।- (एक करोड तिस लाख) राजश्व बाँडफाँड तर्फ १,०५,०२,०००।- (एक करोड पाँच लाख दुई हजार), समपुरक अनुदान तर्फ रु. २,००,००,०००।- (दुई करोड), विषेश अनुदान ८०,००,०००।— (असि लाख) प्राप्त हुने अनुमान गरिएको छ। आन्तरिक आयतर्फ रु. ४०,००,०००।- (चालीस लाख) राजश्व संकलन हुने अनुमान गरिएको छ र बैंक मौज्जात रु. १०,००,०००।-(दश लाख) रहने अनुमान गरिएको छ । आ.व. २०८१/८२ को अनुमानित कुल बजेट ४२,५२,२३,०००।- (बयालिस करोड बाउन्न लाख तेइस हजार) प्रस्ताव गरेको छु।

**<u>आर्थिक विकास</u> (**कृषि तथा पशुपंक्षी, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र) तर्फ रकम रु. १,६१,६२,०००।- (एक करोड एकसठ्ठी लाख बैसठ्ठी हजार ) विनियोजन गरेको छु।

बिगत बर्ष देखिनै शुरु भएको दुध संकलन गर्दा किसानहरुलाई दिइने प्रति लिटर रु. ५ को अनुदान कार्यक्रमको लागि आगामि आर्थिक बर्षको लागि रु. २५,००,०००।-(पच्चिस लाख) बिनियोजन गरेको छु।

**<u>सामाजिक विकास</u>** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन) तर्फ रु. १३,६६,७१,८००।- (तेह्र करोड छैसठ्ठी लाख एकहत्तर हजार आठ सय) विनियोजन गरेको छु।

बिद्यालयहरुमा निजि स्रोत शिक्षक व्यवस्थापनको लागि रु. ५०,००,०००।-(पचास लाख) बिनियोजन गरेको छु ।

एक माद्यामिक बिद्यालय एक खेलकुद शिक्षक कार्यक्रमको लागि रु. ९,००,०००।-(नौ लाख) बिनियोजन गरेको छु ।

राष्ट्रपति रनिङशिल्ड खेलकुद कार्यक्रमका लागि संघ सरकार बाट १ लाख र गाउँपालिका बाट थप २ लाख गरि जम्मा ३ लाख बिनियोजन गरेको छु ।

SEE उत्कृष्ट विद्यार्थि र विद्यालयहरुलाई थप प्रोत्सान गर्नको लागि रु. २ लाख बिनियोजन गरेको छु ।

सुर्यगढी सामुदायीक क्याम्पस मा छात्रा संख्या बाहुलियता रहेको र गुणस्तरिय शिक्षकालागी अस्थायी प्रध्यापक व्यवस्थापनका लागि रु. ५,००,०००।-(पाँच लाख) बिनियोजन गरेको छु ।

रुम टु रिड र रुडेक नेपालको सहकार्यमा संचालित साक्षरता कार्यक्रम थप व्यवस्थित गर्नको लागि रु. ६,००,०००।-(छ लाख) बिनियोजन गरेको छु ।

सूर्यगढी गाउँपालिका भित्रका नागरिकहरुलाई निःशुल्क रगत प्राप्त गर्नका लागि नेपाल रेडक्रस सोसाइटी, नुवाकोट लाई अनुदान रकम रु. १ लाख बिनियोजन गरेको छु।

गाउँपालिका अन्तरगतका स्वास्थ्य चौकीहरुबाट बितरण गरिने निःशुल्क औषधी खरिदको लागि रु. २२,४९,०००।-(बाइसलाख उनन्पचास हजार) बिनियोजन गरेको छु ।

सुर्यगढी गाउँपालिका भित्र स्वास्थ्य चौकीमा नियमित नेपाल सरकारको मापदण्ड अनुसार गर्भजाँच गराएबात अण्डा वितरण कार्यक्रको लागि रु. २,००,०००।-(दुई लाख) बिनियोजन गरेको छु।

जनजाती समुदायमा गरिबि न्युनीकरण चेतनामुलक कार्यक्रमको लागि रु. २ लाख बिनियोजन गरेको छु ।

**<u>पुर्वाधार विकास</u>** (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, बैकल्पिक उर्जा, सञ्चार) तर्फ रु. ११,४७,००,०००।- (एघार करोड सठ्चालिस लाख) विनियोजन गरेको छु।

एकद्धार प्रणालिको लागि यस सूर्यगढी गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको लागि चालु आ.व. १,३०,००,०००।-(एक करोड तिस लाख र आगामि आ.व. २०८१/८२ मा रु. २,३८,००,०००।—(दुई

करोड अड्तिस लाख) गरी जम्मा रकम रु. ३,६८,००,०००।—(तिन करोड अठसठ्ठी लाख) बिनियोजन गरि दुई बर्ष भित्र प्रशासकीय भवन निर्माण सम्पन्न गरिने लक्ष्य लिएको छु।

यस सूर्यगढी गाउँपालिका भित्रका समुदायहरुलाई आवश्यक पर्ने भौतिक पुर्वाधार योजनहरुको लागि प्रत्येक वडा कार्यालयहरुलाई प्रति वडा रु. २५,००,०००।—(पच्चिस लाख) का दरले जम्मा रकम रु. १,२५,००,०००।—(एक करोड पच्चिस लाख) विनियोजन गरेको छु ।

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम व्यवस्थित बनाउनका लागि सझेदारी रकम रु. १५,००,०००।-(पन्ध्र लाख) बिनियोजन गरेको छु ।

**<u>सुशासन तथा अन्तसम्भ्धित क्षेत्र</u>** (वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, ल्यान्डफिल साइट, जल उत्पन्न प्रकोप नियन्त्रण) तर्फ रु. १,२ ९,७४,०००।-(एक करोड उनन्तिस लाख चौहत्तर हजार) विनियोजन गरेको छु।

महिलासँग उपाध्यक्ष कार्यक्रम मार्फत अधिकांश महिलाहरु लाभान्वित हुने महिलाको प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न रु. २०,००,०००।-(बिस लाख) विनियोजन गरेको छु।

बिपन्न आवास घर निर्माणको लागि रु. २०,००,०००।-(बिनियोजन गरेको छु ।

**<u>संस्थागत विकास तथा सेवा प्रवाह</u>** (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास) तर्फ रकम रु. १४,४७,१५,२००।- (चौध करोड सठ्चालिस लाख पन्ध्र हजार दुई सय) विनियोजन गरेको छु।

अन्त्यमा आजकै बैठकमा प्रस्तुत सुर्यगढी गाउँपालिकाको आ.व. २०८१/८२ को विनियोजन विधेयक र आर्थिक विधेयक अनुमोदनार्थ यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दै यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजश्व र बजेट सम्बन्धी कानुन बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, यस क्षेत्रका बुद्धिजिवी तथा राजनैतिक दलका मित्रहरु एवम् प्रत्यक्ष अप्रत्यक्ष रुपमा भुमिका खेल्नुभएका सुर्यगढी गाउँपालिकाका सम्पुर्ण जनसमुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु।

**धन्यवाद!!!**